**प्रधानमन्त्री**

काठमाडौं, नेपाल

# शुभकामना

राष्ट्रिय सूचना आयोगको १४ औं स्थापना दिवसका अवसरमा आयोगका पदाधिकारी, यसमा आवद्ध सम्पूर्ण कर्मचारी एवं यससँग सम्वद्ध सबैमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । आज १३ वर्ष पूरा गरी १४ औं वर्षमा प्रवेश गरेको राष्ट्रिय सूचना आयोगले जनमानसमा सही सूचना प्रवाहको हक कार्यान्वयन गराउन थप प्रभावकारी भूमिका निर्वाह गर्ने अपेक्षा सहित यसको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

नागरिकको सूचना पाउने अधिकार सुनिश्चित गरी लोकतान्त्रिक शासन व्यवस्थालाई पारदर्शी र सुदृढ बनाउने उद्देश्यका साथ नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था छ । यस संवैधानिक मौलिक हकको कार्यान्वयनका लागि जारी गरिएको सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भनी कानूनी रुपमा प्रत्याभूत गरेको छ । सोही ऐनको व्यवस्था बमोजिम सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्ने कामको लागि स्थापित राष्ट्रिय सूचना आयोग आज १३ वर्ष पूरा गरी १४ औं वर्षमा प्रवेश गरेको छ ।

समाजलाई आत्मविश्वाससाथ सही गन्तव्यमा हिंडाउन र लोकतान्त्रिक पद्धतिको सुदृढीकरणका लागि सही सूचना प्रवाह हुनु आवश्यक छ । उज्यालो र अंध्यारो बीचको भिन्नताले वातावरणमा ल्याउने प्रभाव जस्तो हुन्छ, सही सूचना प्रवाह हुँदा र नहुँदा सामाजिक जीवनमा पार्ने प्रभाव पनि त्यस्तै रहन पुग्छ । तसर्थ गलत सूचना तथा अफवाहहरुले समाजमा पैदा गर्ने असहज वातावरणलाई रोक्न सही सूचना प्रवाह हुनु पर्दछ । संवैधानिक तथा कानूनी व्यवस्था बमोजिम कार्यान्वयनमा आएको सूचनाको हकको सफल कार्यान्वयनबाट लोकतान्त्रिक पद्धतिको सुदृढीकरण तथा सुशासन कायम गरी नागरिकलाई सचेत बनाउन सकिन्छ भन्नेमा म विश्वस्त छु । यतिबेला विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीका वावजुद आयोगबाट महत्वपूर्ण कार्य सम्पादन भएका छन् । सूचनाको हकको विषयमा नागरिक सचेतनाको स्तर बृद्धि हुँदै जानु हामीले अवलम्बन गरेको प्रणालीको सुदृढीकरणका लागि महत्वपूर्ण उपलब्धि हो । सूचनाको हकको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक निकायहरुलाई पारदर्शी, नागरिकप्रति जिम्मेवार र उत्तरदायी बनाउन सकिन्छ ।

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको महामारीको दोस्रो लहरका कारण महामारी नियन्त्रणका लागि संक्रमितको सङ्ख्याको आधारमा देशका कतिपय स्थानहरुमा निषेधाज्ञा जारी गर्नु परेको अवस्था छ । यस अवस्थामा सम्बद्ध सबैपक्षलाई सही, सत्यतथ्य र आधिकारिक सूचना प्रवाह गर्न र त्यसको पालना गर्न/गराउन अनुरोध गर्दछु । गलत र भ्रमपूर्ण समाचारको पछि नलाग्न र सजग रहन सबैमा आह्वान गर्दछु । यस महाव्याधिबाट सुरक्षित रहन अवलम्वन गरिएका स्वास्थ्य सुरक्षा मापदण्डलाई पालना गर्न म सबैमा हार्दिक आह्वान गर्दछु ।

काठमाडौं, नेपाल

**प्रधानमन्त्री**

विश्वव्यापी रुपमा फैलिएको कोभिड- १९ को महाव्याधिका बीच पनि हामी मुलुकलाई विकास र समृद्धितिर लैजान नवनिर्माणको चोतर्फी अभियान चलाइरहेका छौं । यसले देशको समृद्धि र जनताको सुख प्राप्तिका लागि आधार निर्माण गर्ने छ । राष्ट्रको यस साझा आकाङ्क्षालाई पूरा गर्न तथा आजको संघीय शासकीय प्रणालीमा आयोगको भूमिका झनै महत्वपूर्ण हुँदै गइरहेको छ । आयोगले हालसम्म खेलेको भूमिकाको प्रशंसा गर्दै आगामी दिनमा सूचनाको हक कार्यन्वयनमा थप प्रभावकारिता बृद्धि हुने विश्वासका साथ राष्ट्रिय सूचना आयोगको स्थापना दिवसका अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**२२ बैशाख २०७८**

**केपी शर्मा ओली**